## पाठ २९

१. के इज्रेलीहरूले परमेश्वरले मोसासँग भन्नुभएको कुरामा विश्वास गरे ?
- हो, गरे ।

२. यदि हामीले परमेश्वरको वचनमा विश्वास गरेनौं भने हामी परमेश्वरलाई के भन्छौं ?
- एक झूठो व्यक्ति ।

३. के परमेश्वरको वचनमा विश्वास नगर्ने व्यक्तिलाई परमेश्वरले बचाउनुहुन्छ ?
- बचाउनुहुन्न ।

४. जब मोसाले फारोसँग परमेश्वरले तिनलाई इज्रेलीहरूलाई छोडिदनु भन्नुभएको छ भने फारोले के जवाफ दिए ?
- फारोले भने "म परमेश्वरलाई चिन्दिनँ र इज्रेलीहरूलाई जान पनि दिन्नँ ।"

५. के परमेश्वरलाई फारोले इज्रेलीहरूलाई मिश्र छोडेर जान दिने छैनन् भन्ने थाहा थियो ?
- थाहा थियो ।

६. परमेश्वरले किन उहाँको महान् शक्ति मिश्रका फारो र मिश्रीहरूलाई देखाउने निर्णय गर्नुभयो ?
- ताकि तिनीहरूले यो थाहा पाऊन् कि उहाँ मात्रै साँचो परमेश्वर हुनुहुन्थ्यो ।

७. परमेश्वरले कसरी उहाँको महान् शक्ति मिश्री र इज्रेलीहरूलाई देखाउनुभयो ?
- परमेश्वरले फारो र मिश्रीहरूमाथि महामारीको विपत्ति पठाउनुभयो ।

८. ती विपत्तिहरू के के थिए ?
- परमेश्वरले नदीलाई रगत बनाउनुभयो ।
- परमेश्वरले मिश्रीहरूलाई दुख दिन भ्यागुता पठाउनुभयो ।
- परमेश्वरले मिश्रीहरूलाई टोक्न भुसुना पठाउनुभयो ।
- परमेश्वरले मिश्रीहरूलाई टोक्न झिँगा पठाउनुभयो ।

- परमेश्वरले मिश्रीहरूका सबै चौपाया मार्नुभयो ।
- परमेश्वरले मिश्रीहरूलाई सताउन खटिरा पठाउनुभयो ।
- परमेश्वरले मिश्रीहरूको बालीनाली सखाप पार्न असिना वर्षाउनुभयो ।
- परमेश्वरले मिश्रीहरूको बचेखुचेको बाली सखाप पार्न सलहको बथान पठाउनुभयो ।
- परमेश्वरले मिश्रीहरूलाई नदेख्ने बनाउन पूरा अँध्यारो पार्नुभयो ।

९. परमेश्वरले हरेकचोटि विपत्ति पठाउनुहुँदा फारोले के भने ?
- फारोले मोसालाई इस्रेलीहरूलाई जान दिनेछु भने ।

१०. परमेश्वरले हरेकचोटि उक्त विपत्ति हटाइदिनुभएपछि फारोले के गरे ?
- फारोले इस्रेलीहरूलाई जान दिन अस्वीकार गरे ।

११. यी विपत्तिहरूले इस्रेलीहरूलाई भने किन छोएनन् ।
- किनभने परमेश्वरले अब्राहाम, इसहाका र याकूबसित तिनीहरूलाई आशिष् दिनेछु र तिनीहरूलाई महान् मानिस बनाउनेछु भनी प्रतिज्ञा गर्नुभएको थियो ।
- किनभने परमेश्वरले फारो, मिश्री जनता र इस्रेलीहरूलाई अरू कोही होइन तर उहाँ नै परमेश्वर हुनुहुन्छ भनी देखाइरहनुभएको थियो ।

१२. जसले परमेश्वरको विरुद्धमा लडाइँ गर्छ त्यसलाई के हुनेछ ?
- तिनीहरूलाई परमेश्वरले खतम पार्नुहुनेछ ।

- यद्यपि परमेश्वरले फारो र मिश्रीहरू माथि नौ थरिका कठिन विपत्तिहरू पठाउनुभयो के तर फारोले इस्रेलीहरूलाई जान दिए ?
- दिएनन् ।

- के परमेश्वरलाई फारोले इस्रेलीहरूलाई जान दिने छैनन् भन्ने थाहा थियो ।
- थाहा थियो ।

- परमेश्वरलाई फारोले इस्रेलीहरूलाई जान दिने छैनन् भन्ने सधैँ थाहा थियो ।

- परमेश्वरले मोसालाई इस्रेलीहरूका अगुवा तुल्याउनुभन्दा पहिल्यै उहाँलाई फारोले इस्रेलीहरूलाई जान दिने छैनन् भन्ने थाहा थियो ।

- परमेश्वरलाई केही कुरा हुनुभन्दा पहिल्यै थाहा हुन्छ ।

- के फारोले परमेश्वरको विरुद्धमा लडाइँ गरेर जित्न सक्थे ?
- सक्दैनथे ।

- के कसैले परमेश्वरको विरुद्धमा लडाइँ गरेर जित्न सक्छ ?
- सक्दैन ।
- मानिसहरूले जे सुकै भने तापनि तिनीहरूले परमेश्वरको काम रोक्न सक्दैनन् ।
- मानिसहरूले जे सुके गरे तापनि तिनीहरूले परमेश्वरको काम रोक्न सक्दैनन् ।

- यदि परमेश्वरले केही गर्ने भनेर निर्णय गर्नुहुन्छ भने उहाँले त्यो पूरा गरेरै छोड्नुहुन्छ ।

- परमेश्वरले एउटा अझै अर्को विपत्ति पठाउनुहुनेवाला थियो र फारोले इज्रेलीहरूलाई जान दिने थिए ।

आउनुस् प्रस्थान ११:१ पद पढौं ।

तब परमप्रभुले मोशालाई भन्नु भयो, "मैले अझ फिरऊन अनि मिश्रमाथि एउटा विपत्ति ल्याउनुपर्छ। त्यसपछि मात्र उसले तिमीहरूलाई मिश्रबाट जान मात्र दिंदैन बलपूर्वक जानु भनी जोर लगाउनेछ।

- परमेश्वरले पठाउनुहुने अन्तिम विपत्ति के हुनेथियो ?

आउनुस् प्रस्थान ११:४-७ पद पढौं ।

[4] मोशाले मानिसहरूलाई भने, "परमप्रभु भन्नुहुन्छ, 'आज मध्य-रातमा म मिश्र भएर जानेछु, [5] अनि प्रत्येक पहिला जन्मेको छोरा, फिरऊनको पहिलो छोरो मिश्रको शासक देखि लिएर जाँतो पिस्ने कमारीको पहिलो छोरोसम्म मिश्रमा मर्नेछ। पहिला जन्मिएका सबै मर्छ जसले मकै पिन्छ। पहिला जन्मेको सबै मानिसहरू अनि पशुहरू मर्नेछन्। [6] मिश्रमा दुःखको क्रन्दनहरू हुनेछ त्यहाँ मिश्रमा त्यस्तो दुःखपूर्ण क्रन्दनहरू कहिल्यै भएको थिएन अनि त्यहाँ फेरि कहिल्यै हुने छैन। [7] तर कुनै पनि इस्राएली मानिसमाथि यस्तो घट्ना हुनेछैन। यहाँसम्म कि तिनीहरूलाई कुकुरले पनि भुक्ने छैन। इस्राएली मानिसहरूमा मात्र होइन तिनीहरूका पशुहरूलाई पनि कुनै नोक्सान हुनेछैन। तिमीले जान्ने छौ यस प्रकारले म इस्राएली मानिसहरू अनि मिश्रीहरूमा भिन्दा भिन्दै प्रकारको व्यवहार गर्नेछु।

- अन्तिम विपत्ति यस्तो महाविपत्ति हुनेथियो जसले मिश्रीहरूका सबै पहिले जन्मेका सन्तान र चौपायाका जेठा सन्तानलाई मार्ने थियो ।

- किनभने अन्तिम विपत्ति एकदमै भयानक हुनेथियो त्यसैले परमेश्वरले इज्रेलीहरूलाई तैयार रहन भन्नुभयो ।
- किनभने अन्तिम विपत्ति एकदमै भयानक हुनेथियो त्यसैले परमेश्वरले इज्रेलीहरूलाई के निर्देशन दिनुभयो ताकि तिनीहरूका जेठा सन्तान नमारिऊन् ?

आउनुस् प्रस्थान ११:१ र ३-५ पद पढौं ।

[1]तब परमप्रभुले मोशालाई भन्नु भयो, "मैले अझ फिरऊन अनि मिश्रमाथि एउटा विपत्ति ल्याउनुपर्छ। त्यसपछि मात्र उसले तिमीहरूलाई मिश्रबाट जान मात्र दिंदैन बलपूर्वक जानु भनी जोर लगाउनेछ।;

[3] परमप्रभुले मिश्रका मानिसहरूलाई तिमीहरूप्रति दयालु हुनेछ। मिश्री मानिसहरू र फिरऊनका शासकहरूले मोशालाई पहिलेदेखि महान-मानिस भनी मान्दछन्।

[4] मोशाले मानिसहरूलाई भने, "परमप्रभु भन्नुहुन्छ, 'आज मध्य-रातमा म मिश्र भएर जानेछु, [5] अनि प्रत्येक पहिला जन्मेको छोरा, फिरऊनको पहिलो छोरो मिश्रको शासक देखि लिएर जाँतो पिस्ने कमारीको पहिलो छोरोसम्म मिश्रमा मर्नेछ। पहिला जन्मिएका सबै मर्छ जसले मकै पिन्छ। पहिला जन्मेको सबै मानिसहरू अनि पशुहरू मर्नेछन्।

- परमेश्वरले इज्रेलीहरूको हरेक घरको मूलीलाई के निर्देशन दिनुभयो ताकि तिनीहरूको घरमा पहिले जन्मेकाहरू नमरून् ?

- तिनीहरूलाई उहाँले एक वर्ष थुमा वा बोका छान्न भन्नुभयो ।

- परमेश्वरल इज्रेलीहरूलाई कस्तो थुवा वा बोका छान्न भन्नुभयो ताकि तिनीहरूको घरमा पहिले जन्मेकाहरू नमरून् ?
- कुनै खोट नभएको ।

- किन परमेश्वरले कुनै खोट नभएको एक वर्षे थुमा वा बाका छान्न भन्नुभयो ?

- किनभने परमेश्वर सिद्ध हुनुहुन्छ ।

- किनभने परमेश्वरले भन्नुहुने हरेक कुरा सिद्ध हुन्छ ।

- किनभने परमेश्वरले गर्नुहुने हरेक कुरा सिद्ध हुन्छ ।

- परमेश्वरले कुनै खोट नभएको एक वर्षे थुमा वा बाका मात्रै स्वीकार गर्नुहुने थियो ।

- परमेश्वर कहिल्यै पनि बिमार लागेको बलिदान स्वीकार गर्नुहुन्न ।
- परमेश्वर कहिल्यै पनि घाइते बलिदान स्वीकार गर्नुहुन्न ।

- के तपाईंलाई झाडीमा सिङ अल्झिएर बसेको भेडो इसहाका साटोमा बलि दिएको कुरा सम्झना छ ?

- भेडोको किन सिङ झाडीमा अल्झिएको थियो ?

- किनभने परमेश्वर सिद्ध हुन्नुन्छ ।
- किनभने परमेश्वर केवल सिद्ध बलि मात्रै ग्रहण गर्नुहुन्छ ।

- यदि इज्रेलीहरू मृत्युबाट बचाइनेथिए भने तिनीहरूले के गर्नुपर्ने हुन्थ्यो ?
- तिनीहरूले परमेश्वरको आज्ञा मान्नुपर्ने हुन्थ्यो ।

- र तिनीहरूले खोटरहित एक वर्षे थुमा वा बोका छान्नुपर्ने हुन्थ्यो ।
- परमेश्वरले इज्रेलीहरूलाई अरू के पनि गर्न भन्नुभयो ?
-

आउनुस् प्रस्थान १२:६ पद पढौं ।

6 तिनीहरूले त्यो पाठोलाई महिनाको चौधौं दिनसम्म सावधानीसँग राख्नु पर्छ। त्यस दिन इस्राएली समुदायका मानिसहरूले साँझमा ती पाठाहरू मार्नु पर्छ।

- परमेश्वरले इज्रेलीहरूलाई कति समयसम्म थुमा राखिराख्न भन्नुभयो ?
- महिनाको चौधौं दिनसम्म ।

- महिनाको चौधौं दिनमा उक्त थुमाले के गर्न परमेश्वरले इज्रेलीहरूलाई आज्ञा दिनुभयो ?

- परमेश्वरले थुमा मारिनै पर्ने आज्ञा दिनुभयो ।
- परमेश्वरले थुमा मर्नै पर्ने आज्ञा दिनुभयो ।

- थुमा मर्नै पर्छ भनेर परमेश्वरले किन आज्ञा दिनुभयो ?

- परमेश्वर इज्रेलीहरूलाई पापको ज्याला मृत्यु हो भनी सिकाउन चाहनुहुन्थ्यो ।

- आदम र हव्वाले पाप गर्नुभन्दा पहिले संसारमा मृत्यु थिएन ।

- किनभने आदम र हव्वाले पाप गरे त्यसैले संसारमा मृत्यु आयो ।
- किनभने आदम र हव्वाले पाप गरे त्यसैले सबै मानिसहरूमा मृत्यु आयो ।

- थुमाको रगतले के गर्नु भनी परमेश्वरले इज्रेलीहरूलाई आज्ञा दिनुभयो ?
- ढोकाको सँघारमा रगतको चिनो लगाउनु भनी आज्ञा दिनुभयो ।

- यदि इज्रेलीहरू मृत्युबाट बचाइने थिए भने तिनीहरूले परमेश्वरको आज्ञा मान्नै पर्थ्यो ।

- अन एक वर्ष थुमा वा बोकाको बलि दिएर त्यसको रगत ढोकाको सँघारमा लगाउनुपर्थ्यो ।

- परमेश्वरले इज्रेलीहरूलाई थुमाको रगतले के गर्ने आज्ञा दिनुभयो ?

आउनुस् प्रस्थान १२:७ पद पढौं ।

7 यी पशुहरूको रगत सबै मानिसले जम्मा गर्नुपर्छ। अनि ढोकाका चौखटाहरूमा र घरका जहाँ पाठाहरू खाइन्छन् ढोकाहरूमाथि छर्नु पर्छ।

- परमेश्वरले इज्रेलीहरूलाई त्यस थुमाको रगत ढोकाको माथि र दुवै तर्फ लगाउनु भन्नुभयो जुन घरमा इज्रेलीहरूले राति त्यस भेडाको मासु खानेवाला थिए ।

- परमेश्वरको सजायबाट इज्रेलीहरूलाई जोगाउने थुमाको रगत थियो ।

- यदि इज्रेलीहरू मृत्युबाट बचाइने थिए भने तिनीहरू परमेश्वरको आज्ञा पालन गर्न होशियार हुनुपर्थ्यो ।

- अनि थुमाको रगत ढोकाको माथि र दुवैतर्फ लगाउनुपर्थ्यो जुन घरमा तिनीहरूले त्यस राति त्यस भेडाको मासु खानेवाला थिए ।

- परमेश्वरले इज्रेलीहरूलाई थप के आज्ञा दिनुभयो ?

आउनुस् प्रस्थान १२:२२ख पद पढौं ।

बिहान नहुञ्जेल कसैले पनि घर छाडनु हुँदैन।

- परमेश्वलले इज्रेलीहरूलाई त्यस रगत लागेको घरमा बिहानसम्म बस्न निर्देशन दिनुभयो ।

- इज्रेलीहरू बाहिर रगत लागेको घरभित्र बिहानसम्म बस्नुपर्ने हुन्थ्यो ।

- परमेश्वरले किन इज्रेलीहरूलाई बाहिर रगत लागेको घरभित्र बिहानसम्म बस्न भन्नुभयो ?

- बाहिरको रगतले भित्र रहेका इज्रेलीहरूलाई ढाक्नुको लागि थियो ।

- थुमाको बाहिरको मृत्यु भित्र इज्रेलीहरूलाई ढाक्नुको लागि थियो ।

- यदि इज्रेलीहरू मृत्युबाट बचाइनेथिए भने तिनीहरू परमेश्वरको आज्ञा पालन गर्न होशियार हुनुपर्थ्यो ।

- अनि बाहिरपट्टि रगत लागेको घरभित्र बिहानसम्म बस्नुपर्ने हुन्थ्यो ।

- परमेश्वरले इज्रेलीहरूलाई थप के आज्ञा दिनुभयो ?

आउनुस् प्रस्थान १२:४६ख पद पढौं ।

थुमाको कुनै हड्डी भाँच्नु हुँदैन।

- परमेश्वरले इज्रेलीहरूलाई थुमाको एउटै पनि हड्डी नभाँच्न आज्ञा दिनुभयो ।

- यदि इज्रेलीहरू बचाइने थिए भने तिनीहरू परमेश्वरको आज्ञा पालन गर्न होशियार हुनुपर्थ्यो ।

- अनि थुमा वा बोकाको एउटै पनि हड्डी भाँच्नु हुँदैनथ्यो ।

- परमेश्वरले इज्रेलीहरूलाई हरेक कुरा उहाँले भन्नुभएअनुसार ठ्याक्कै पालन गर्न भन्नुभयो ।

- यदि इज्रेलीहरूले हरेक कुरा परमेश्वरले भन्नुभएअनुसार ठ्याक्कै पालन गरेका थिएनन् भने के हुनेथियो ?

- विपत्ति तिनीहरूमाथि पनि आइलाग्नेथियो र तिनीहरूका पहिले जन्मेकाहरू सबै मर्ने थिए ।

- यदि इज्रेलीहरूले परमेश्वरले भन्नुभएअनुसार ठ्याक्कै गर्थे भने मात्रै उहाँले तिनीहरूका पहिले जन्मेकाहरूलाई जोगाउनुहुनेथियो ।

- इज्रलीहरूले परमेश्वरको बाटो पछ्याएको खण्डमा मात्रै उहाँले तिनीहरूका पहिले जन्मेकाहरूलाई जोगाउनुहुने थियो ।

- के परमेश्वरले हामीलाई हाम्रै तरिकाले जोगाउन अनुमति दिनुहुन्छ ?
- दिनुहुन्न ।

- कसको तरिकाले मात्रै हामीलाई बचाउँछ ?
- परमेश्वरको ।

- जब आदम र हव्वाले आफ्नै बाटो रोजे र तिनीहरूका निम्ति पातका लुगा बनाए तब के भयो ?
- परमेश्वरले तिनीहरूका लुगा अस्वीकार गर्नुभयो ।

- जब कयिनले परमेश्वरले भनेको नमानेर तिनको आफ्नै सुर गरे तब के भयो ?
- परमेश्वरले कयिनको बलिदान अस्वीकार गर्नुभयो ।

- केवल परमेश्वरको तरिकाले मात्रै हामीलाई बचाउँछ ।

- यदि हामीले परमेश्वरको तरिका रोजेनौं भने परमेश्वरले हामीलाई ग्रहण गर्नुहुन्न ।

- यदि इज्रेलीहरूले परमेश्वरको आज्ञा पालन गरेमा के गर्नेछु भनी परमेश्वरले प्रतिज्ञा गर्नुभयो ?

आउनुस् प्रस्थान १२:१२-१४ पद पढौं ।

12 "आज राती म मिश्रभित्र पस्नेछु अनि पहिले जन्मेका मानिसहरू र पशुहरूलाई नष्ट गर्नेछु। यस
प्रकारले म मिश्रका सबै देवताहरूको न्याय गर्नेछु, म परमप्रभु हुँ। 13 तर तिमीहरूका घरमा लगाएका
रगत चाँहि एउटा विशेष चिन्ह हुनेछ र म जुन घरमा रगत लगाएको देख्छु त्यसलाई छोडेर
जान्छु। म मिश्र देशका मानिसहरूको निम्ति हानिकारक रोग उत्पन्न गर्छु। तर त्यो खराब
बिमारले तिमीहरू कसैलाई पनि असर गर्दैन।

14 "यसकारण यो एउटा स्मरणीय दिन हुनेछ। अनि तिमीहरूको निम्ति यो एक विशेष पवित्र चाड़ हुनेछ। तिमीहरूका सन्तानहरूले सदा सर्वदा यो पवित्र चाड़लाई परमप्रभुलाई भक्ति गर्ने दिनको रूपमा मान्नु पर्छ ।

- यदि इज्रेलीहरूले परमेश्वरको आज्ञा पालन गर्थे भने परमेश्वरले तिनीहरूलाई के गर्ने प्रतिज्ञा गर्नभयो ?

- परमेश्वरले तिनीहरूसँग विपत्ति तिनीहरूकहाँ आउनेछैन र तिनीहरूका जेठा सन्तान मर्नेछैनन् भनी प्रतिज्ञा गर्नुभयो ।

- के इज्रेलीहरूले परमेश्वरको आज्ञा पालन गरे ?

आउनुस् प्रस्थान १२:२८ पद पढौं ।

28 परमप्रभुले यो आदेश मोशा र हारूनलाई दिनु भएको थियो, यसर्थ इस्राएलीहरूले त्यही गरे जे परमप्रभुले आदेश दिनु भएको थियो।

- इज्रेलीहरूले परमेश्वरले तिनीहरूलाई जे गर्न भन्नुभएको थियो ठ्याक्कै त्यसरी नै गरे ।

- के कुनै इज्रेलीले बिरामी भेडो परमेश्वरलाई बलिदान चढाउथ्यो भने के परमेश्वरले उसलाई बचाउनुहुन्थ्यो ?
- हुन्नथ्यो ।

- यदि कुने इज्रेलीले एउटा थुमा ढोकाको छेउमा बाँध्थ्यो मात्रै र बलि दिँदैनथ्यो भने के परमेश्वरले उसलाई बचाउनुहुन्थ्यो ?
- हुन्नथ्यो ।

- थुमाले मारिनै पर्थ्यो ।
- थुमाको रगत छर्किनै पर्थ्यो ।

- परमेश्वर इज्रेलीहरूले पापको ज्याला मृत्यु हो भनी भुलेको चाहनुहुन्नथ्यो ।
- त्यस रात पछि के भयो ?

आउनुस् प्रस्थान १२:२९-३० पद पढौं ।

29 मध्यरातमा मिश्र देशीहरूका पहिले जन्मेका सबै छोराहरू, मिश्रका शासक फिरऊनको पहिलो छोरो
देखि झ्यालखानामा सजाय भोग्दै गरेको कैदीको छोरोसम्मलाई मार्नुभयो। पशुहरूमा पनि पहिले
जन्मेका सबै मार्नु भयो। 30 त्यस रात मिश्रमा प्रत्येक घरको कोही न कोही मरे। फिरऊन, उसका
अधिकारीहरू अनि मिश्रका सबै मानिसहरू चिच्याउँदै रोए।

- फारो र अरू सबै मिश्रीहरूका पहिले जन्मिएका सबै सन्तानहरू मारिए ।

- फारो र अरू सबै मिश्रीहरूका बस्तुभाउका पहिले जन्मिका सबै पशु मारिए ।

- के परमेश्वरले उहाँले भन्नुभएजस्तै मिश्रीहरूका पहिले जन्मिएका सबैलाई मार्नुभयो ?
- मार्नुभयो ।

- सबै पापको परमेश्वरले दिने सजाय मृत्यु हो ।
- परमेश्वर सबै पापलाई सजाय दिनुहुनेछ ।
- परमेश्वरले सबै पापको ज्याला मृत्यु दिनुहुनेछ ।

- जब परमेश्वरले पापको दण्ड दिने निर्णय गर्नुहुन्छ कोही पनि उम्किन सक्दैन ।

- के कुनै इज्रेलीको पहिले जन्मिएको सन्तान मर्‍यो ?
- मरेन ।

- किन कुनै इज्रेलीको जेठो सन्तान मरेन ?

- किनभने इज्रेलीहरूले परमेश्वरले भनेको माने र थुमाको रगत ढोकामा लगाए ।

- जसरी इसहाकको साटोमा कुनै खोट नभएको भेडा मारिएको थियो त्यसरी नै इज्रेलीहरूका पहिले जन्मिकाहरूको साटोमा कुनै खोट नभएको थुमा मारियो ।

- किनभने इज्रेलीहरूले परमेश्वरले भनेको माने त्यसैले के परमेश्वरले उहाँको प्रतिज्ञा कायम राख्नुभयो र इज्रेलीहरूका घरहरू नछोइ जानुभयो ?
- हो ।
- परमेश्वरले इज्रेलीहरूसँग तिनीहरूलाई दासत्वबाट मुक्त गर्ने र मिश्रबाट निकाल्ने भनी गर्नुभएको प्रतिज्ञा सम्झिनुभयो ।

- परमेश्वरले इज्रेलीहरूसँग तिनीहरूलाई अब्राहाम र इज्रेलीहरूद्वारा उद्धारकर्ता पठाउँछु भनी गर्नुभएको प्रतिज्ञा सम्झिनुभयो ।

- इज्रेलीहरू मिश्रीहरूजस्तै आदम र हव्वाका सन्तान थिए ।

- इज्रेलीहरू मिश्रीहरूजस्तै पापमा जन्मेका थिए ।

- इज्रेलीहरूले पनि पाप गरेका थिए र त्यसको ज्याला मृत्यु नै हुन्थ्यो ।

- केवल परमेश्वरको अनुग्रहले मात्रै इज्रेलीहरूलाई बचाएको थियो ।

- केवल परमेश्वरको अनुग्रहले मात्रै कसैलाई बचाउन सक्छ ।

- फारो र सबै मिश्रीहरूका पहिले जन्मिएकाहरू मरेपछि फारोले के गरे ?

आउनुस् प्रस्थान १२:३१-३६ पद पढौं ।

31 तब त्यस राती फिरऊनले मोशा र हारूनलाई बोलाए। फिरऊनले तिनीहरूलाई भने, “तयार होऊ
अनि हाम्रा मानिसहरूलाई छोडेर जाऊ। तिमी र तिम्रा मानिसहरूले त्यसै गर्न सक्छौ जो तिमी
भन्छौ तिमीहरू जाऊ अनि आफ्नो परमप्रभुको आराधना गर। 32 तिमीहरूले भने झैं आफ्नो-आफ्नो
भेंडा तथा गाई-वस्तुहरू लिएरै जाऊ। तिमीहरूले मलाई पनि आशीर्वाद देऊ।” 33 मिश्र देश
वासीहरूले पनि भने, “तिमीहरू चाँडै गइहाल। किनभने, यदि तिमीहरू गएनौ भने हामीहरू सबै मर्न
सक्छौं।”

[34] इस्राएली मानिसहरू यति हतारमा थिए तिनीहरूले रोटीमा खमीर मिसाउने समय पाएनन्।
यसकारण तिनीहरूले आँटा, भाँडाहरूमा आफ्नो काँधमाथि बोकेर ल्याए। [35] तब इस्राएलीका
मानिसहरूले त्यही गरे जे मोशाले तिनीहरूलाई गर्नु भनेका थिए। तिनीहरूले मिश्र देशका आफ्नो
छिमेकीहरूसित लुगा, अनि सुन चाँदीले बनिएको चीजहरू माँगे। [36] परमप्रभुले मिश्रका मानिसहरूलाई
दयालु बनाई दिनु भयो अनि तिनीहरूले जे मांगे त्यही दिए।

- त्यस रात फारोले मोसालाई बोलाउन पठाए र इज्रेलीहरूलाई जान दिए ।

- फारोले तिनी परमेश्वरसँग लड्न सक्छु भनी ठाने ।

- फारोले तिनी परमेश्वरसँग लडेर उहाँलाई हराउन सक्छु भनी ठाने ।

- शैतानले पनि उसले परमेश्वरसँग लडेर उहाँलाई हराउन सक्छु भनी ठान्छ ।

- परमेश्वरलाई कसैले पनि पराजित गर्न सक्दैन ।
- परमेश्वरको कामलाई कसैले पनि रोक्न सक्दैन ।

- जसले परमेश्वरको मार्ग चुन्छ त्यसलाई परमेश्वरले बचाउनुहुन्छ ।
- जसले आफ्ने बाटो छान्छ त्यसलाई परमेश्वरले खतम पार्नुहुन्छ ।

आउनुस् प्रस्थान १२:५१ पद पढौं ।

[51] यस प्रकारले परमप्रभुले इस्राएलका सबै मानिसहरूलाई मिश्र देशबाट बाहिर लिएर जानु भयो। मानिसहरू झुण्ड-झुण्डमा यात्रा गरे।

- परमेश्वरले उहाँको प्रतिज्ञा कायम राख्नुभयो र इज्रेलीहरूलाई मिश्रबाट निस्किन अगुवाइ गर्नुभयो ।
- के फारोले परमेश्वरसँग लडाइँ गरेर उहाँलाई जित्न सक्थे ।
- सक्दैनथे ।
- के कसैले परमेश्वरसँग लडाइँ गरेर उहाँलाई जित्न सक्छ ?
- सक्दैन ।